# लहरे पैसेरी नाच

● खर्कबहादुर बुढामगर

यो लहरे पैसेरी (लहरया पैस्यारु) नाच मध्यपश्चिमाञ्चलका केही जिल्ला सल्यान, रोल्पा, रूकुम, डोल्पा आदि जिल्लाहरूका केही गाउँमा नाचिने लोपोन्मुख नाच हो । यस नाचको सुरु प्रत्येक गाउँठाउँ अनुसार फरक-फरक समयमा नाच्ने चलन भए तापनि खासगरी दशैं र तिहारको अवसरमा बढी नाचिएको पाइन्छ । यस्तै सल्यानको फलावाङ्ग गा.वि.स. वडा नं. २ पिङखोलामा त्यहाँको वर्षौंदेखि चल्दै आएको चलनअनुसार यो नाच दशैंको अष्टमीको दिनदेखि मादले गुरुको घरमा सबै मानिस जम्मा भई सुरु भएर तिहारको भोलिपल्टसम्म नाचेर साजबाज (गाजाबाजा) थन्क्याइन्छ ।

यो नाच नाच्ने समय तरिका खासगरी घरको आँगनको भागमा मर्यादाक्रमअनुसार गोलो लाम लागेर नचारुहरू नाच्ने र गाउँका मैतालु बगालहरू जम्मा भएर आँगनको घारी र छेउछाउतिर बसेर हेर्ने चलन छ । यो नाच लहरै लाम लागेर नाच्ने भएकोले यसलाई 'लहरे पैसेरी' अथवा 'लहरया पैस्यारु' भनिएको हो । यस्तै मगर पाङ्ग भाषामा 'पै'को अर्थ कोशी र 'स्यारु'को अर्थ नाच्ने मान्छे अर्थात् कोशीको बीटको गोलो आकारको जस्तो भएर नाच्ने मान्छे भन्ने बुझिन्छ ।

रोल्पामा यस नाचलाई ढीकुरे नाच पनि भनिन्छ । यस नाचलाई सुरु गर्दा मादले गुरुले मादलको ताल (ठोकन) हानेर देव-देवतालाई सन्त्यायिन्छ अर्थात् सम्झना गरिन्छ र गुरुवर्गलाई ढोग्दै मर्यादाक्रमअनुसार सबैमा ढोगभेट चल्छ । दिनभरि नाचगान गरिसकेपछि अन्त्यमा त्यसैगरी नाचलाई बन्द गरिन्छ । कम उमेरका केटाहरू नचारु अथवा रहर (लहर) गर्नेहरू धेरै भएको खण्डमा नचारुको भित्री गोलो अर्को सानो लाइन लगाएर पनि नाच्दछन् ।

यस नाचमा प्रयोग हुने बाजाहरूमा पैसेरी मादल, झ्याली र मुरली हुन् । यिनै बाजाको ताल र धुनमा यो नाच नाचिन्छ । कुनै कुनै चाली गीत गाएर पनि नाचिन्छ । जस्तै गीतका केही अंश यसप्रकार छन् :

१. सल्यानको हुलाबाँरा जमुनैमा होला  
जमुनैको हुलाबाँरा सकीबाइजा  
सकीबाइजाहो गएको जोबान फेरि आइजा

२. जहाँ होला सालु हुँईहोला मालु  
हुँईहोला माहुरीको घार  
फूलै फुल्यो बारैबार जोबान हो एकैबार

३. आक्कासैको खेती पातलैको पानी  
कुलो पानी चल्दैन  
स्यानी हुने मायालु नानी बोलाए बोल्दैन

गाउने चाली लगाउँदा अरू चाली जस्तै केही समय नाचिन्छ र त्यसपछि गीत गाउन सुरु गरिन्छ । गीत गाउँदा दुई बगाल (समूह) बन्छन् । एक समूहले गीत सुरु गर्छन् र अर्को समूहले छोप्दछन् । पालैपालो





अठार मगरात क्षेत्रमा नाचिने नृत्य प्रस्तुत गर्दै मगर महिलाहरू ।

गर्दै पन्ध्रबीस मिनेट जति गाउने र नाच्ने गरेपछि त्यो चाली सिध्याइन्छ ।

पुरुषले मात्र नाच्ने यो नाचमा लगाइने पहिरन नाचकै लागि भनेर छुट्टै सिँगारपटार गरिँदैन र प्रायः जुन मानिसले जुन लुगा लगायो त्यसैमा रहर गर्नेहरू जोसुकै पनि नाच्न सक्छन् । यस नाचमा प्रायः बूढापाका मानिसले नाच्ने भएको हुनाले दौरा-सुरुवाल, जुवारीकोट अथवा कालो कोट र गोडामा पैजन (खाकर) (सेलरोटी आकारको भित्री भागमा खोक्रो पारी फलामका गेडी हालेर बनाएको फलामकै एक प्रकारको बाजा) लगाइन्छ । यस नाचमा बढी भूमिका मादलेको हुन्छ । मादलेले जुन चाली अथवा डाप्को बजायो त्यही अनुसार अगुवा गुरु र पछुवा गुरु लगाएर सबै नचारूहरूले आफ्नो जिउलाई निहुराएर अर्थात् कुप्रो पारेर खुट्टाले सर्कनी मार्दै हात र टाउकोको हाउभाउमा मुग्ध हुँदै नाच्ने गर्दछन् ! यस्ता नचारूलाई मादलेले आफ्नो वसमा ल्याउन सिपालु हुन्छन् । त्यसैले त होला हाम्रा पुर्खाले गाउँदै आएका छन्– "उकालीमा वर हैन पिपलु, गाउने भन्दा बजाउने सिपालु" अर्थात् नाच्ने भन्दा बजाउने सिपालु । यस्ता पौराणिक लोक भाकाले पनि हाम्रा मादलेको भूमिका सिद्ध गरिदिन्छन् ।

जुन चिजलाई जुन मान्छेले हाँक्छ, चलाउँछ, त्यस सम्बन्धी ज्ञान हुन्छ । त्यसलाई नै गुरु मान्ने चलन छ र मान्नुपर्छ । यस्ता पारङ्गत व्यक्ति प्रायः मगरहरू नै भएको पाइन्छ । यो नाच प्रायः दिउँसो लंगाउने भएको हुनाले कतिपय मानिसले साथीहरूलाई नाच्न आउन भनेको खण्डमा लाज मानेर टाढै भाग्दछन् । दशैंतिहार र केही मेलामा नाचिने यो नाचमा प्रायः नचारूहरूले जाँडरक्सी खाएरै आफ्नो लाज पचाए नाच्ने पनि गर्दछन् । त्यसैकारण होला मगरहरू पानीको साटो जाँडरक्सी ख... र लाज पचाउने अनि जानीनजानी कम्मर मर्काइ-मर्काइ अगुवा गुरुको सिक लगाउँदै नाच्ने गर्दागर्दै प... पारङ्गत हुन्छन् ।

मगरहरूको अग्रसरता भए तापनि अन्य जातिहरू पनि यस नाचमा सामेल भएर नाच्ने गर्दछन् । यस नाचको अर्को मुख्य महत्त्व के छ भने गाउँका दाजुभाइ, इष्टमित्रमा एक आपसमा प्रेम-सद्भावअनुसार मर्यादाक्रमको विकास गर्दछ । यस्तै कुनैकुनै मानिस झैं-झगडा गरी बोली बारावार (नबोल्ने) गरेका मानिस पनि एकै लाइनमा लाम लागेर नाच्ने क्रममा खुशीले बोलीखोली सबै दुःखबिर्साई फेरि मित्रताको भावना जगाई हातेमालो गर्दै जीवनयापन गर्दछन् ।

पैसेरी नाच अहिले प्रायः हराउँदै गएको छ । यो नाच तालको हिसाबले अति नै गाह्रो मादलको बोल समूहको लयकारीमा प्रस्तुत हुने हुनाले यो नाच जो कोहीले बजाउने र नाच्ने गर्न सक्दैनन् । हाम्रा पुर्खाले राम्रो ध्यानसँग अरूलाई नसिकाउनु र पछिल्ला पिँढीले पनि सिक्ने चेष्टा नगर्नु र गाउँको वातावरणले गर्दा गाउँका चाडपर्व, मेला आदि हराउँदै जानु आदि कारणले गर्दा पनि हाम्रो यस्तो पौराणिक सांस्कृतिक नाच हराउँदै गइरहेका छन् । हाम्रा बाजेबराजुले बाइस चाली बजाउँथे रे । हाम्रा काका मामाले दशएघार चाली र हामी अहिले पाँचसात चाली मात्र बजाउने र नाच्ने गर्दछौं । हाम्रा पुर्खाले संसारबाट बिदा लिँदै जान्छन् र हाम्रा यस्ता पौराणिक लोकसम्पत्ती लोप हुँदै गइराखेका छन् । यस्ता हाम्रा अमूल्य सम्पत्तिलाई हामी सबै बुद्धिजीवी र सम्बन्धित संघसंस्था लगायत सम्पूर्ण कलाकार वर्ग पनि संरक्षणको लागि के गर्नुपर्छ आफै सोचौं र लागौं भन्ने चेतना हामी सबैमा आओस् भन्ने आग्रह गर्दछु । मैले जाने बुझेका केही कुरा यो नाचको बारेमा सम्पूर्ण सुभचिन्तकका साथै कला संस्कृतिलाई माया गर्ने दाजुभाइ तथा दिदीबहिनीहरूमा आफ्नो अनुभव र विचारहरू हजुरसमक्ष पस्कें । यति मात्र पर्याप्त छैन । जान्न, बुझ्न अझै बाँकी छ । सल्लाह र सुझावको लागि अपेक्षा राख्दछु ।•

master mitrasen thapa magar, smarika, 2063, published by master mitrasen smriti pratisthan, Kathmandu